# एशियन लाइफ इन्स्योरेन्स क.लि. को
# १७ औं वार्षिक साधारण सभा बस्ने सूचना

यस **एशियन लाइफ इन्स्योरेन्स क.लि.**को मिति २०८२ साल आषाढ ८ गते अपरान्ह ३:३० बजे बसेको संचालक समितिको २०५औं बैठकको निर्णयानुसार १७औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछु ।

**सभा हुने मिति, स्थान र समय :**

मिति : २०८२/०३/३० गते सोमबार (तदनुसार, जुलाई १४, २०२५)

स्थान : होटल ईच्छा सिमरा, बारा ।

समय : दिउँसो १:०० बजे ।

**(क) सामान्य प्रस्तावहरू :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष.२०८०/०८१ (NFRS बमोजिम ) आषाढ मसान्त सम्मको वासलात,नाफा/नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाहको विवरण र सो सम्बन्धि संलग्न अनुसूचिहरु माथी छलफल तथा पारित गर्ने बारे ।

३. संचालक समितिबाट प्रस्तावित नगद लाभांश (कर प्रयोजनको लागि) ०.२६८४%ले हुन आउने रु.९१,२५,८७६/- (अक्षरुपी एकानब्बे लाख पच्चीस हजार आठ सय छयत्तर मात्र) पारित गर्ने बारे ।

४. संस्थापक शेयरधनी (समूह क) को तर्फबाट संचालक समितिमा प्रतिनिधित्व हुने संचालक पद-३ र सर्वसाधारण शेयरधनी (समूह ख) को तर्फबाट संचालक समितिमा प्रतिनिधित्व हुने संचालक पद- २, को निर्वाचन गर्ने र १ जना स्वतन्त्र संचालक मनोनित गर्ने बारे ।

५. आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा (हालको लेखा परिक्षक बि.के. अग्रवाल एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्स पुन नियुक्त हुन सक्ने ।

**(ख) विशेष प्रस्तावहरू :**

१. आर्थिक वर्ष २०८०/०८१ सम्मको संचित नाफाबाट यस कम्पनीको चुक्ता पूँजी रु.३,३९,९८,३६,३०७/- को बोनस शेयर ५.१०% ले हुन आउने रु.१७,३३,९१,६५२/- (अक्षरुपी सत्र करोड तैतिस लाख एकानब्बे हजार छ सय बाउन्न मात्र) रकम बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

२. उल्लेखित बोनस शेयर वितरण पश्चातको हदसम्म जारी तथा चुक्ता पूँजी वृद्धि गर्न स्वीकृती गर्ने बारे ।

३. कम्पनीको विशेष प्रस्ताव अन्तर्गत नं.१ प्रस्तावको निर्णय कार्यान्वयनको लागि कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्न तथा सम्बन्धित निकायबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

**ग) विविध ।**

## साधारण सभा सम्बन्धि सामान्य जानकारीहरू :

१. कम्पनीको शेयर दाखिला खारेजको काम यहि मिति २०८२/०३/२० गते एक दिनका लागि बन्द रहनेछ । शेयर दाखिल खारेज बन्द गरीएको मिति भन्दा अगावै अर्थात २०८२/०३/१९ गते सम्म शेयर खरिद गरी प्रचलित कानून बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार एनआईएमबी एस क्यापिटल लिमिटेड, लाजिम्पाटमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरुले मात्र यस वार्षिक साधारण सभामा भाग लिन पाउने छन ।

२. संस्थापक तथा सर्वसाधारण शेयरधनीको समूह तर्फबाट प्रतिनिधित्व हुन संचालक समितिको निर्वाचन सम्बन्धि कार्य तालिका कम्पनीको सूचना पाटी तथा वेभसाईटमा प्रकाशित गरिनेछ ।

३. सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले सभा हलमा प्रवेशको लागि सक्कल शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको कागजात, प्रकाशित प्रवेशपत्र अथवा आफ्नो कुनै आधिकारीक परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

४. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान १०:०० बजे देखि सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ । शेयरधनीको उपस्थितीबाट प्रचलित ऐनको व्यवस्था बमोजिमसभाका लागि आवश्यक गणपुरक संख्या पुरा भएपश्चात सभाको कारवाही अगाडी बढाइने छ ।

५. छलफलका विषयमध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको बिषय लिखित रुपमा कम्पनी सचिव मार्फत संचालक समितिका अध्यक्षलाई संबोधन गरी प्रधानकार्यालय, मैतिदेवी काठमाण्डौंमा दर्ता गर्नुपर्नेछ । त्यस्तो विषय संचालक समितिका अध्यक्ष ज्यूलाई उचित लागेमा मात्र छलफलको लागि समावेश गरिनेछ ।

६. कुनै एक शेयरधनीले एक भन्दा बढि व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी पठाएकोमा जसको नियुक्ति सवैभन्दा अघिल्लो मितिमा कम्पनीमा प्राप्त हुन्छ निजलाई मात्र प्रतिनिधीको हैसियतले सभामा भाग लिने र मतदान गर्ने अधिकार हुनेछ त्यसपछि आउने प्रोक्सी स्वतःबदर वा अमान्य हुनेछ ।

७. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति (विभाजन नहुने गरी) हुने गरी प्रतिनिधि- पत्र (प्रोक्सी फारम) भरी कम्पनीको प्रधानकार्यालयमा सभा शुरु हुनुभन्दा ४८ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ ।

८. एकै शेयरधनीले एक भन्दा बढि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु भएको अवस्थामा पहिलो दर्ता हुने प्रोक्सी मान्य हुनेछ । त्यस पछि आउने प्रोक्सी स्वतःबदर वा अमान्य हुनेछ ।

९. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयं सभामा उपस्थित हुन चाहेमा शेयरधनीले सभा शुरु हुनु भन्दा ४८ घण्टा अगाडी सो व्यहोराको लिखित पत्र प्रधानकार्यालय मैतीदेवीमा दर्ता गर्नु पर्नेछ ।

१०. नावालक वा बिक्षिप्त शेयरधनीको तर्फबाट यस कम्पनीको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनीधि तोक्न सक्नुहुनेछ । तर संरक्षक आफैं संचालकमा उम्मेदवार हुन र आफु संरक्षक रहेको शेयरवालाको बाहेक अन्य शेयरवालाको प्रतिनिधित्व गर्न वा प्रोक्सी संकलन गर्न पाउने छैन ।

११. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा आधिकारीक प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ । प्रोक्सीको हकमा पनि सोही व्यवस्था लागु हुनेछ ।

१२. शेयरधनी महानुभावहरुलाई शेयरधनीको दर्ता किताबमा कायम रहेको ठेगानामा बार्षिक प्रतिवेदन पुस्तिका पठाईनेछ । कुनै कारणबश उक्त पुस्तिका नपाउनु भएमा कम्पनीको प्रधानकार्यालय एशियनलाईफ भवन मैतिदेवी काठमाण्डौं तथा अधिराज्य भरी रहेका ५० वटा शाखा कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ । साथै सभाको सूचना र वित्तीय विवरण कम्पनीको वेभसाईट www.asianlife.com.np मा समेत हेर्न सकिनेछ ।

१३. साधारणसभा सम्बन्धि थप जानकारीको लागि कम्पनीको प्रधानकार्यालय एशियन लाईफ भवन मैतिदेवी, काठमाण्डौमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

१४. सभा सम्बन्धि अन्य काम कारवाही कम्पनी ऐन २०६३ बमोजिम हुनेछ ।


ASIAN Life Insurance Company
एशियन लाईफ इन्स्योरेन्स कं. लि.

**प्रधान कार्यालय**

**एशियन लाईफ भवन, मैतीदेवी-३०, काठमाण्डौं**
**फोन नं. ०१ ४५१०११५, ४५३०२७०**
**इमेलः** asianlife@asianlife.com.np


**www.asianlife.com.np**


२०८२/३/९ गते आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशन गरिने